सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १७७ ♦ २०८२ साल फागुन १८ सोमवार ♦ 2 March 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# मधेस प्रदेशका सभामुखलाई 'महामुर्ख' को उपाधी प्रदान



**खबर दर्पण समाचारदाता**

**फागुन १७ गते, जनकपुरधाम**

होली पर्वको अवसरमा जनकपुरधामस्थित मिथिला नाट्यकला परिषद् जनकपुर धामद्वारा प्रत्येक वर्ष आयोजना हुँदै आएको 'महामुर्ख सम्मेलन' अन्तर्गत यस वर्ष मधेस प्रदेशसभाका सभामुख राम अशिष यादवलाई 'महामुर्ख-२०८२' को उपाधी प्रदान गरिएको छ।

नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष तथा सरसफाइ अभियानी रहनुभएका सभामुख यादवलाई मैथिली भाषा, साहित्य तथा संस्कृतिको संरक्षण र प्रवर्द्धनमा पुऱ्याउनुभएको योगदानको कदरस्वरूप उक्त सम्मान प्रदान गरिएको हो।

समारोहमा आकर्षक व्यङ्ग्यात्मक माला, टोपी, होलीमा प्रयोग हुने डम्फा, सम्मानपत्र तथा मायाको चिनो प्रदान गरी उहाँलाई सम्मान गरिएको थियो। सो अवसरमा समाजका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई प्रदान गरिँदै आएको अन्य १५ वटा सम्मानसमेत वितरण गरिएको थियो।

शिक्षा क्षेत्रमा योगदान पुऱ्याउनुभएका राकेश कर्णलाई 'वैशाखानन्दन', समाजसेवी विभा झालाई 'तिलविखन्नी', अधिवक्ता विपनकुमार झालाई 'लबरसटका', पत्रकार तथा साहित्यकार हिमांशु चौधरीलाई 'जीहजुरिया', कवि दिगम्बर झा दीनमणिलाई 'पोंगांपण्डित', निजी विद्यालयका सञ्चालक विश्वलाल सिंहलाई 'पटमुर्ख', जनकपुरधाम उपमहानगर पालिकाकी कर्मचारी अञ्जु पाण्डेलाई 'मनतोरिया', चिकित्सक डा. विजय राउतलाई 'विषखोपडा', व्यवसायी प्रदीप चौधरीलाई 'तरघुस्का', खेलाडी पवन कर्णलाई 'बजकिट', व्यवसायी पवन ठाकुर तथा तबलावादक विपिन पाठकलाई 'डपोरशंख', मिथिला चित्रकलाकी कलाकार राजकुमारी मण्डललाई 'तर घुस्की', राजनीतिकर्मी लव अधिकारीलाई 'लोढाशंकर' र पत्रकार दीपक कर्णलाई 'लम्बोदर' सम्मानबाट सम्मानित गरि एको थियो।

स्थानीय जानकी मन्दिर परिसर मा आयोजित उक्त कार्यक्रममा होलीसँग सम्बन्धित विविध गीत, कविता वाचन तथा समसामयिक सामाजिक विकृतिमाथि व्यङ्ग्य प्रस्तुत गरिएको थियो। सम्मानित व्यक्तित्वहरूलाई भिन्डी, भन्टा, आलु, खुर्सानी, केसौर तथा कटहरबाट बनाइएका मालाले सजाएर सम्मान गरिएको थियो।

यसै अवसरमा मिथिलामा लोपोन्मुख बन्दै गएको डम्फा गायनको संरक्षणका लागि परिषद्ले डम्फा गायन प्रतियोगितासमेत आयोजना गरेको थियो।

### यस्तो छ सम्मेलनको इतिहास

महामूर्ख सम्मेलन नेपालको विभिन्न स्थानमा हुँदै आए पनि जनकपुरमा यसले निकै उचाई पाएको छ । तर यसको प्रारम्भ नेपालको विरगंजबाट भएको हो । मैथिली साहित्य परिषद विरगंज २०५० सालमा पहिलोपटक यो सम्मेलनको आयोजना गरेको थियो । पहिलो पटकको महामूर्ख लाला माधवेन्द्र जी हुनु भएको थियो । यो सम्मेलनको परिकल्पनाकार

बाँकी पृष्ठ ३ मा

# फागुन २१ को चुनावको लागि मधेशमा सुरक्षा व्यवस्था कडा

**खबर दर्पण समाचारदाता**

**फागुन १७ गते, बर्दिबास**

फागुन २१ हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी मधेश प्रदेशमा सुरक्षा व्यवस्था कडा पारिएको छ ।

नर्वाचन आचारसंहिता उल्लङ्घन हुन नदिन तथा निष्पक्ष तथा शान्तिपूर्ण वातावरण कायम गर्नका लागि योजनाबद्ध रूपमा निर्वाचनको तयारी भइरहेको मधेस-प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ ।

प्रदेशसँग जोडिएका नेपाल- भारत सीमाक्षेत्रमा सुरक्षामा कडाइ गरिएको छ । चेक प्वाइट खडा गरिएको छ भने विशेष निगरानी भइरहेको छ । आठवटै जिल्लाका मतदान केन्द्रहरूको सुरक्षा सन्दर्भमा अनुगमन तथा निरीक्षण भइसकेको सो कार्यालयले जनाएको छ । कार्यालयका अनुसार मधेश-प्रदेशमा दुई हजार १६० मतदान स्थलमध्ये एक हजार २४६ मतदानस्थल अतिसंवेदनशील अवस्थामा छन् ।

प्रदेशमा भारतीय सीमासँग जोडिएका अधिकांश मतदान स्थल अतिसंवेदनशील छन् । त्यसको अनुगमन तथा सुरक्षाका उपायबारे योजनाबद्ध तरिकाले कार्य अगाडि बढाइएको मधेश-प्रदेश प्रहरी कार्यालयका प्रवक्ता कमल थापाको भनाइ छ ।

प्रदेशका सबै जिल्लाको सुरक्षा समितिको अध्ययन अनुसार अतिसंवेदनशील वर्गीकरण गरिएको उनले बताएका छन् ।

मधेश-प्रदेशमा प्रतिनिधिसभाका लागि ३२ वटा निर्वाचन क्षेत्र रहेकामध्ये एक हजार २४६ मतदान स्थल अतिसंवेदनशील अवस्थामा रहेको, ७५५



मतदानस्थल संवेदनशील अवस्थामा रहेको तथा १५९ मतदान स्थल सामान्य अवस्थामा रहेको बताइएको छ ।

सप्तरीमा २९६ मतदान स्थलमध्ये २०९ वटा मतदान स्थल अतिसंवेदनशीलको सूचीमा छन् ।

त्यस्तै सिरहाका १५४, धनुषाका १९४, महोत्तरीका १६३, सर्लाहीका १५८, रौतहटका १५२ तथा बाराका १४५ मतदान स्थल अतिसंवेदनशील सूचीमा राखिएको छ । मधेश प्रदेशमा कूल चार हजार ४७१ मतदान केन्द्र रहेको जनाइएको छ ।

निर्वाचनमा प्रदेशमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र गरी एक हजार २८ जना उम्मेदवार छन् ।

प्रदेशमा ३५ लाख १७ हजार १२३ मतदाता छन् । जसमा पुरुषको सङ्ख्या १९ लाख पाँच हजार ८१९ तथा महिलाको संख्या १६ लाख ११ हजार ३०४ रहेको जनाइएको छ ।

# निर्वाचनको कार्यतालिका सार्वजनिक

**खबर दर्पण समाचारदाता**

**फागुन १७ गते, बर्दिबास**

आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनलाई व्यवस्थित, पारदर्शी र निष्पक्ष बनाउन मतदान अधिकृतले फागुन १७ गतेदेखि २१ गतेसम्मका लागि विस्तृत कार्यतालिका सार्वजनिक गरेका छन् ।

मतदान केन्द्रको भौतिक पूर्वाधार देखि सर्वपक्षीय समन्वय, कर्मचारी परिचालन र मतदान प्रक्रिया व्यवस्थापनसम्मका कामलाई चरणबद्ध रूपमा केन्द्रिय निर्वाचन आयोगले तयार पारेको कार्यतालिका अनुसार अघि बढाइने मधेश प्रदेश निर्वाचन कार्यालयले जनाएको छ । कार्यतालिका अनुसार पहिलो चरणमा मतदान अधिकृतले मतदानस्थलको प्रत्यक्ष अवलोकन गर्ने, केन्द्रको संरचना तथा चारै दिशाको अवस्थाको आँकलन गर्ने कार्यक्रम तय गरिएको छ भने सोही दिन स्थानीय तहसँग समन्वय गरी सर्वपक्षीय सम्पर्क र सहयोग जुटाइनेछ ।

मतदानस्थलमा बसोबासको अवस्था, आवतजावतको सहजता तथा सुरक्षा व्यवस्था बारे जानकारी संकलन गरिनेछ । मधेश प्रदेश निर्वाचन कार्यालय अनुसार फागुन १८ गतेसम्म सर्वपक्षीय भेलाको समय निर्धारण गरिनेछ भने १९ गतेभित्र भेला सम्पन्न गर्ने लक्ष्य राखिएको छ । निर्वाचनसम्बन्धी सूचना प्रकाशन गर्ने, अनुसूची ३ अनुसार मतदानस्थलको चारै दिशामा सूचना टाँस गर्ने, साथै अनुसूची ४, ५, ६ र ७ सम्बन्धी आवश्यक प्रक्रिया पूरा गरिनेछ ।

मतदानस्थलमा गासबासको

बाँकी पृष्ठ ३ मा

# आजै मध्यरातदेखि मौन अवधि

**खबर दर्पण समाचारदाता**
**फागुन १७ गते, बर्दिवास**






प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत फागुन २१ गते हुने मतदानका लागि उम्मेदवारले निर्वाचन प्रचारप्रसार गर्ने अन्तिम दिन सोमबार उम्मेदवार र दलको प्रवर्धन हुने गरी प्रचार प्रसार गर्न पाउने छन् । फागुपूर्णिमा पर्व पनि परेका कारण कतिपय उम्मेदवारले अन्तिम दिनमा आन्तरिक बैठकमा केन्द्रित हुने रणनीति बनाएका छन् ।

प्रतिनिधि सभा निर्वाचन, २०८२ को प्रयोजनका लागि सोमबार राति १२ बजेदेखि मौन अवधि सुरु हुँदै छ । यस अवधिमा निर्वाचन प्रचारप्रसार तथा यससँग सम्बन्धित कुनै पनि गतिविधि गर्न नपाइने निर्वाचन आयोगले जनाएको छ । आयोगका अनुसार मौन अवधि मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म पालना गर्नुपर्ने हुन्छ । आयोगले यस अवधिमा पालना गर्नुपर्ने विशेष आचरण तोकेको छ । जस अनुसार निर्वाचन प्रचार प्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभा सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न पाइँदैन ।

त्यस्तै मतदान हुने दिनको ४८ घण्टाअघि मतदान स्थलको तीन सय मिटरवरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसारका सामग्री हटाउनुपर्ने छ भने कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचार प्रसार गर्न हुँदैन । आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोस्ट वा सेयर गर्न वा गराउन वा प्रतिक्रिया दिन पनि नहुने आयोगले जनाएको छ ।

आयोगले मौन अवधिमा सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले पालना गर्नुपर्ने आचरण पनि तोकेको छ । मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा विज्ञापनका अतिरिक्त टक सो, टिप्पणी, विश्लेषण, प्रश्नोत्तर जस्ता कार्यक्रम गर्न नहुने आयोगले जनाएको छ ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीका अनुसार मौन अवधिमा तोकिएको आचरणविपरीत कुनै उम्मेदवार तथा राजनीतिक दलले गतिविधि गरेमा उक्त उम्मेदवारको मनोनयन नै रद्द गरिने छ । शून्य समय अथवा मौन अवधिमा उम्मेदवार पनि शून्यमै बस्नुपर्ने बताउँदै भण्डारीले भन्नुभयो, “यो समयमा उम्मेदवारले निर्वाचन प्रचारप्रसार गर्न पाउँदैनन् । बरु निर्वाचन प्रचारका क्रममा मतदातासमक्ष के कस्ता प्रतिबद्धता जनाइएको छ, त्यसलाई निर्वाचनपछि कसरी पूरा गर्न सकिन्छ भन्ने विषयमा उम्मेदवारले योजना बनाउनु पर्छ ।” आफू मत माग्न जाँदा मतदाताको प्रतिकिया कस्तो र ह्यौलगायतका विषयमा पनि समीक्षा गर्ने समयका रूपमा मौन अवधिलाई सदुपयोग गर्नुपर्ने भण्डारीले बताउनुभयो ।

यस अवधिमा सामाजिक सञ्जालमा विगतमा कुनै पोस्ट राखिएको रहेछ भने हटाउनु पर्छ भने यस्तो समयमा मतदातालाई असर पर्ने कुनै काम गर्न हुन्न । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीका अनुसार मौन अवधिमा यस पटक विशेष निगरानी गरिने छ । उहाँले भन्नुभयो, “निगरानीका लागि अनुगमन अधिकारी खटाएका पनि छौँ । धेरै चलखेल हुने ठाउँमा अनुगमन पनि गरेका छौँ ।”

निर्वाचनलाई नै असर पर्ने गरी कुनै उम्मेदवारले गतिविधि गरेमा उसको मनोनयनपत्र नै खारेज पनि हुन सक्छ । मनोनयन पत्र नै खारेज भयो भने त अर्को छ वर्षसम्म चुनावी प्रतिस्पर्धामा भाग लिन नपाउने कानुनी व्यवस्था रहेको आयोगले जनाएको छ । भण्डारीले भन्नुभयो, “यो भनेको १२ वर्षपछि धकेलिनु हो । किनकि छ वर्ष भाग लिन नपाउनु भनेको अब आउने निर्वाचनमा पनि भाग लिन नपाउनु हो । त्यसपछि अर्को निर्वाचन भनेको त १२ वर्षपछि मात्रै हुन्छ । यस्तो जोखिम मोलेर उम्मेदवारले गैर कानुनी गतिविधि गर्नुहुन्न होला ।”

### सञ्चार माध्यमको भूमिका महत्वपूर्ण

यसैबिच कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले निर्वाचनको मौन अवधिमा सञ्चार माध्यमको भूमिका महत्वपूर्ण हुने बताउनुभएको छ । प्रेस काउन्सिल नेपालद्वारा आइतबार राजधानीमा आयोजित ‘मौन अवधि र मिडिया’ विषयक अन्तर्क्रिया कार्यक्रममा कावा प्रमुख आयुक्त भण्डारीले पत्रकारको आफ्नै आचारसंहिता र निर्वाचन आचारसंहितालाई ख्याल राख्दै सञ्चार माध्यमले निर्वाह गर्ने भूमिकाले स्वच्छ निर्वाचनमा सहयोग पुग्ने बताउनुभयो । निर्वाचनको मौन अवधि भनेको शान्त रहेर मस्तिष्क र विचार मन्थन गर्ने समय भएको उल्लेख गर्दै उहाँले भन्नुभयो “निर्वाचनको विश्लेषण गर्न पाइयो तर यो उम्मेदवारले जित्छ, यसले हार्छ या यो राम्रो ऊ नराम्रो भन्न र जितहारको घोषणा गर्न पाइएन ।” उहाँले निर्वाचन आचारसंहिताको उल्लङ्घनमा आयोगले निर्मम रूपमा कानुनको कार्यान्वयन गर्नेसमेत बताउनुभयो । उहाँले मौन अवधिमा आचार संहिताको पालना गरी आयोगलाई सहयोग गर्न सञ्चारकर्मी सँग आग्रहसमेत गर्नुभयो ।

# जलेश्वर कारागारबाट भागेका कैदी पेस्तोल र गाँजासहित पक्राउ



**खबर दर्पण समाचारदाता**
**फागुन १७ गते, बर्दिवास**

भारतीय सीमा सुरक्षा बल (एसएसबी) प्रहरीले सीमावर्ती नाकामा हरलाखी बोर्डर नजिक जलेश्वर कारागारबाट फरार एक कैदीलाई देशी पेस्तोल र लागू औषध गाँजासहित पक्राउ गरेको छ ।

पक्राउ परेका आरोपित धनुषाको मुखियापट्टी मुसहरनिया २ का अनरजीत राम रहेका छन् । उनको साथबाट भारतीय एसएसबी प्रहरीले एक देशी पेस्तोल, त्यसमा लाग्ने दुईवटा गोली र पोलिथिनमा प्याक गरिएका ४.२ किलोग्राम गाँजा मोटरसाइकल सहित उनलाई पक्राउ गरेको हो ।

मधुबनी जिल्ला अन्तर्गतको हरलाखी प्रहरीको सहयोगमा इण्डो बोर्डर पिपरौन एसएसबी बीओपी एसएसबीका इन्सपेक्टर ऋषिकेश कुमारको नेतृत्वमा खटिएका एसएसबी प्रहरी टोलीले उनलाई पक्राउ गरी बिहार प्रहरीको जिम्मा लगाएको छ । नेपालको जलेश्वर कारागारबाट फरार बैंक डकैतीका आरोपित भारततर्फ आएको गोप्यको सूचनाको आधारमा हरलाखी प्रहरीको सहयोगमा मोटर साइकलमा गइरहेका अनरजीत रामलाई एसएसबी प्रहरीले संयुक्त रुपमा घेराहाली पक्राउ गरेको हो ।

भारतीय प्रहरीलाई देखेर उनी भाग्न खोज्दा प्रहरी गाडीले पन्छयाउँदै उनलाई पक्राउ गरेको थियो । भारतीय राहदानी, आधार कार्ड, प्यान कार्ड, इन्डिया पोष्ट पेमेन्ट बैंकको कार्ड र मोबाइल फोन समेत बरामद गरिएको छ । उनी गाँजा पुऱ्याउन हरलाखीतर्फ गइरहेको क्रममा पक्राउ परेको हो । उनले गाँजा कसलाई पुऱ्याउन गइरहेको व्यक्तिको खोजी र थप अनुसन्धान बिहार प्रहरीले अघि बढाइसकेको जनाइएको छ । महोत्तरी जिल्लाको महोत्तरी गाउँपालिकास्थित एनएमबी बैंक लुटेको आरोपमा २०८० कात्तिक २० गते पुर्पक्षका लागि जलेश्वर कारागारमा पठाइएको थियो । पछिल्लो पटक जेनजी आन्दोलन भएको क्रममा भदौ महिना २८ गतेका दिन कारागार भित्रै आन्दोलन र तोडफोड हुँदा अन्य कैदी सहित अनरजीत राम पनि फरार भएका थिए । रामसहित ४/५ जनाको समूहले गत जेठ १६ गते दिउँसो १२ बजेर ३५ मिनेटमा महोत्तरीको महोत्तरी गाउँपालिका २ महोत्तरी बजार स्थित एनमबी बैंकबाट हतियार देखाएर १५ लाख रुपैयाँ लुटेका थिए । सो आरोपमा भारतको मधुबनी जिल्ला हरलाखी फुलहर टोल गोपालपुर निवासी अजयकुमार साफी पनि पक्राउ परेका थिए । फी पनि पक्राउ परेका थिए । उनीहरु विरुद्ध हातहतियार र चोरी डाकाँ शीर्षकमा मुद्दा चलाइएको थियो ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फयुज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# एकीकृत सुरक्षा योजनाअनुसार निर्वाचन सुरक्षामा नेपाली सेना प्रतिबद्ध

खबर दर्पण समाचारदाता

**फागुन १७ गते, बर्दिवास**

आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनलाई सुरक्षित र व्यवस्थित रूपमा सम्पन्न गराउन नेपाली सेना पूर्ण रूपमा प्रतिबद्ध रहेको जनाएको छ।

रक्षा मन्त्रालय अन्तर्गतको जनसम्पर्क तथा सूचना निर्देशनालय, जङ्गी अड्डाले आइतबार दिउँसो जारी गरेको प्रेस विज्ञप्तिमा एकीकृत सुरक्षा योजना अनुसार सम्बद्ध निकायहरूसँग समन्वय र सहकार्य गर्दै निर्वाचन सुरक्षाका सम्पूर्ण कार्य सञ्चालन भइरहेको उल्लेख गरिएको छ।

विज्ञप्तिअनुसार निर्वाचनसम्बन्धी सुरक्षा व्यवस्थापन 'प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन-२०७४' तथा 'प्रतिनिधि सभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना-२०८२' बमोजिम अघि बढाइएको छ।

मतदान सम्पन्न भएपछि स्थापित प्रोटोकलअनुसार नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, निर्वाचन अधिकृत, राजनीतिक दलका तोकिएका प्रतिनिधि तथा नेपाली सेना सम्मिलित संयुक्त टोलीले मतपेटिका सुरक्षित रूपमा मतगणना स्थलसम्म ढुवानी गर्ने व्यवस्था मिलाइएको जनाइएको छ।

नेपाली सेनाले वि.सं. २०४८ सालदेखि हालसम्म सम्पन्न सबै प्रतिनिधि सभा निर्वाचनहरूमा सक्रिय भूमिका निर्वाह गर्दै आएको स्मरण गराउँदै मतपत्र छपाइ स्थलको सुरक्षा काठमाडौंबाट जिल्लास्थित निर्वाचन कार्यालयसम्म मतपत्र ढुवानी, निर्वाचन अवधिभर तेस्रो घेरामा रही सुरक्षा प्रदान गर्ने तथा मतदानपछि मतपेटिका सुरक्षित रूपमा मतगणना केन्द्रसम्म पुऱ्याउने जिम्मेवारी सम्हाल्दै आएको स्पष्ट पारेको छ।

सेनाले यसपटक पनि शान्तिपूर्ण, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गराउन सुरक्षा निकायहरूबीचको समन्वयलाई प्रभावकारी बनाइएको उल्लेख गर्दै आम नागरिकलाई निर्धक्क भई मतदान प्रक्रियामा सहभागी हुन आग्रह गरेको छ।

# निर्वाचनको कार्यतालिका ........

प्रबन्ध मिलाउने, आवश्यक भौतिक पूर्वाधार तयार पार्ने र व्यवस्थापनलाई व्यवस्थित बनाउने तयारीसमेत सोही दिन गरिने जनाइएको छ। फागुन १९ गते सर्वपक्षीय बैठक आयोजना गरी निर्णयहरूको माइन्यूट तयार गरिनेछ। साथै स्वयंसेवक नियुक्ति, कर्मचारीको भूमिका निर्धारण तथा कार्य विभाजन गरिने कार्यक्रम छ।

मतदान केन्द्रमा खटिने कर्मचारीहरूलाई नाम रूजू गर्ने, तथ्यांक फाराम भर्ने, औंलामा चिनो लगाउने, प्रतिनिधिसभा (पहुनिहु) र समानुपातिकतर्फका मतपत्र वितरण गर्ने जिम्मेवारी छुट्याइनेछ। कर्मचारी र सुरक्षाकर्मीलाई अभिमुखीकरणसमेत गरिने जनाइएको छ।

यसै दिन मतदान केन्द्र निर्माणका लागि आवश्यक सामग्री संकलन तथा परिचयपत्र वितरणको व्यवस्था मिलाइनेछ।

फागुन २० गतेसम्म मतदान केन्द्र निर्माण कार्य सम्पन्न गरिनेछ। मतदान प्रतिनिधि नियुक्ति गरी परिचयपत्र वितरण (अनुसूची १० अनुसार) गरिनेछ। दुई प्रकारका मतपेटिका (एक प्रतिनिधिसभातर्फ र दुई समानुपातिकतर्फ) तयार गरी पोलबुकमा अभिलेख राखिनेछ। मतदानको दिन फागुन २१ गते बिहान ६ बजेदेखि ६:५० बजेसम्म सबै कर्मचारीलाई जिम्मेवारीअनुसार स्थान ग्रहण गराइनेछ।

मतदान प्रतिनिधिको रोहवरमा मतपेटिका रित्तो भएको देखाई यकिन गरिनेछ र त्यसपछि विर्को लगाई शीलबन्द गरिनेछ। शील नम्बर पोलबुकमा टिपोट गरिनेछ र अनुसूची ११ अनुसार मुचुल्का उठाइनेछ। स्वस्तिक छाप जाँच गरी अनुसूची १३ अनुसार मुचुल्का तयार गरिनेछ। मतपत्रको शीलबन्दी प्याकेट खोली अनुसूची १४ अनुसार प्रक्रिया पूरा गरिने जनाइएको छ।

बिहान ठिक ७ बजे मतपत्रमा दस्तखत गरी मतदान प्रक्रिया सुरु गरिनेछ। मतदानको क्रममा लाइनबाट एक-एक जना मतदाता पठाइने, नाम रूजू गरिने, तथ्यांक फाराममा रेजा लगाइने, औंलामा चिनो लगाइने र त्यसपछि मतपत्र प्रदान गरिने व्यवस्था मिलाइनेछ। एक पटकमा कक्षभित्र एकजना मात्र मतदाता प्रवेश गर्ने सुनिश्चित गरिनेछ।

प्रतिनिधिसभा र समानुपातिक दुवै मतपत्र छुट्टाछुट्टै खसाएको सुनिश्चित गरिनेछ। मतदान सकेपछि मतदाता बाहिरिएको यकिन गर्ने जिम्मेवारी पनि कर्मचारीलाई दिइएको छ। सम्पूर्ण प्रक्रिया अविच्छिन्न र निष्पक्ष रूपमा सञ्चालन गर्न मतदान अधिकृतले नेतृत्व गर्ने जनाइएको छ। मतदान सम्पन्न भएपछि मतपेटिकाको प्वाल बन्द गरी अनुसूची २४ अनुसार मुचुल्का तयार गरिनेछ। त्यसपछि मतपत्र फाँटवारी (अनुसूची २५) र खाद (अनुसूची २६) तयार गरिनेछ।

निर्वाचन अधिकृतलाई बुझाउनुपर्ने सम्पूर्ण कागजातहरू खुला खाममा राखी बुझाइनेछ। यसमा सबै मुचुल्का, तथ्यांक फाराम, पोलबुक, परिचयपत्र तथा बुझाएको फाराम दुई-दुई प्रति समावेश गरिनेछ।

# मधेस प्रदेशका सभामुखलाई.....

मध्ये एक रहेका मैथिली साहित्य परिषदका पूर्व महासचिव एवं चर्चित पत्रकार चन्द्र किशोर झा बताउँनुहुन्छ, "नेपालमा २०४६ सालमा बहुदल आएको थियो। राजनीतिक रुपमा परिवर्तनको समय थियो। यो परिवर्तनमा समाजिक तथा साहित्यिक क्षेत्रका व्यक्तिहरुको योगदानको आवश्यकता थियो, यस्तो अवस्थामा यो कन्सेप्ट आएको थियो।" समाजमा रहेको विकृति विसंगतिलाई समाप्त गर्न ब्यंग्यले निकै ठूलो भूमिका खेल्ने गर्छ झाले थप्नुभयो। विरगंजमा अब होरी मिलन समारोह महामूर्ख सम्मेलनको आयोजना गर्दै आएको छ। महामूर्ख सम्मेलन प्रकृतिको कार्यक्रम भारतमा पनि पहिले देखिनै हुँदै आएको छ।

विसं २०६१ देखि जनकपुरधाममा महामूर्ख सम्मेलनको आरम्भ गरिएको थियो। विसं २०६१ मा महामूर्खको उपाधि मैथिली कवि नरेश ठाकुर, विसं २०६२ मा तत्कालीन नेकपा (एमाले) का नेता शीतल झा, २०६३ मा तत्कालीन जनकपुर नगरपालिकाका प्रमुख हरि बहादुर बिसी, २०६४ मा तत्कालीन सद्भावना पार्टीका नेता ओमकुमार झा, २०६५ मा वरिष्ठ साहित्यकार डा. राजेन्द्र विमल, २०६६ मा पूर्वमन्त्री रामचन्द्र झा, २०६७ मा नेपालका चर्चित राजनीतिक विश्लेषक सिके लाल, २०६८ मा साहित्यकार रामभरोष कापडि भ्रमर, २०६९ मा नेपाली कांग्रेसका नेता रामसरोज यादव, २०७० मा तमलोपाका वरिष्ठ नेता डा.विजयकुमार सिंह, २०७१ मा नेता शत्रुधन महतो, २०७२ मा श्मशानघाटको स्वरूप परिवर्तन गरी आधुनिक स्वर्गद्वार बनाएर चर्चा बटुलेका पवन सिंघानीयालाई महामूर्खको उपाधि प्रदान गरिएको थियो।

विसं २०७३ मा सप्तरीको मलेठमा नेकपा (एमाले)ले गरेको मेची-महाकाली अभियानका क्रममा प्रहरीको गोली लागेर पाँच जनाको मृत्यु भएपछि अन्तिम समयमा मिनापले सो कार्यक्रम स्थगित गरेको थियो। विसं २०७४ मा महामूर्खको उपाधि तमलोपाका अध्यक्ष वृषेशचन्द्र लाल र विसं २०७५ मा जसपाका नेता लालकिशोर साहलाई प्रदान गरिएको थियो।

त्यस्तै विसं २०७६ मा मधेस प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउत, २०७७ सालमा महजोडी मदन कृष्ण श्रेष्ठ र हरिवंश आचार्य एवं २०७८ सालमा अर्थविद डा भोगेन्द्र झालाई महामूर्खको उपाधि प्रदान गरिएको थियो भने २०७९ को महामुर्खको उपाधि जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साहलाई प्रदान गरिएको थियो भने २०८० को महामुर्खको उपाधी मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डललाई प्रदान गरिएको थियो भने २०८१ को मुख्यमन्त्री सतिश कुमार सिंह (२०८१) लाई महामूर्खको उपाधि प्रदान गरिएको थियो।

सार्वजनिक स्थलमा धुम्रपान नगरौं। सभ्य नागरीकको परिचय दिऔं

जहाँ आस्था छ, त्यहाँ पहिचान छ।
जहाँ इतिहास छ, त्यहाँ गौरव छ।
धार्मिक, ऐतिहासिक र पौराणिक महत्वले ओतप्रोत जनकपुरधामलाई
उत्कृष्ट धार्मिक पर्यटकीय नगरीका रूपमा विकास गर्न
हामी सबैले सम्पदा संरक्षण र सम्बर्द्धनमा हातेमालो गरौं।
जनकपुरधामको समृद्धि, हाम्रो साझा जिम्मेवारी।

जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

भूकम्पबाट जोगिन सचेत बनौं

❖भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं।
❖भूकम्पबाट जोगिन पूर्वतयारी गरौं।
❖आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं।
❖परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।
❖भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं।
❖आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौं।

भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं।

औरही नगरपालिका, महोत्तरी

सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।

➢आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
➢आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
➢नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
➢आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
➢सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
➢सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
➢जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
➢सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
➢अनियमितता र भ्रष्टाचारविरूद्ध उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

मटिहानी नगरपालिका, महोत्तरी

# यस वर्ष आँप उत्पादनमा उल्लेख्य वृद्धि हुने अनुमान

अजयकुमार साह

**फागुन १७ गते, बर्दिवास**



महोत्तरीसहित तराई मधेशका जिल्लामा यस वर्ष आँप उत्पादनमा उल्लेख्य वृद्धि हुने अनुमान गरिएको छ। आँपका रुखमा प्रशस्त मात्रामा मञ्जर (फूल) लागेपछि किसान उत्साहित छन्।

यस वर्ष अधिकांश बगैंचा तथा घरआँगनका आँपका बोटमा पात नै नदेखिने गरी फूल फुलेको छ। राम्रो फूल लागेकाले उत्पादन बढ्ने अपेक्षामा किसान आशावादी देखिएका छन्।

आँप एक वर्ष धेरै फल्ने र अर्को वर्ष कम फल्ने बाली भएकाले यस वर्ष फल्ने सिजन परेकाले उत्पादन बढ्ने कृषि ज्ञान केन्द्र महोत्तरीका बागवानी विकास अधिकृत अविरलकुमार महतोले जानकारी दिनुभयो। उहाँका अनुसार यस वर्ष फूल राम्रो लागेकाले उत्पादन तेब्बरसम्म हुन सक्ने सम्भावना छ। मौसम अनुकूल रही हावाहुरी वा असिनाले क्षति नगरे अपेक्षा अनुसार उत्पादन हुने अनुमान छ।

कृषि ज्ञान केन्द्र महोत्तरीका निमित्त प्रमुख देवानन्द राय यादवले पनि यस वर्ष जिल्लाभर आँप उत्पादन राम्रो हुने प्रक्षेपण गरिएको बताउनुभयो। "आँप एक वर्ष बढी र अर्को वर्ष कम फल्ने बाली हो। यस वर्ष सबैतिर बाट राम्रो उत्पादन हुने देखिन्छ," उहाँले भन्नुभयो।

जिल्लाका सबै भेगमा धेरथोर आँप बगैंचा लगाइएको भए पनि बर्दीबास, गौशाला, औरही, मटिहानी, मनरासिसवा र जलेश्वर नगरपालिका तथा पिपरा गाउँपालिका क्षेत्रमा व्यावसायिक रूपमै बगैंचा खेती गरिएको छ।

खासमा बर्दीबास नगर पालिकाका खयरमारा, टुटेश्वर, ढुङ्गे, गढन्ता, चेरु, सोनापेटी, वरडाँडा, माईस्थान, पाटु, भब्सी, बिजलपुरा र पशुपतिनगरका धेरै जसो किसानको खेती भनेकै आँप बगैंचा हो। त्यसै गरी गौशाला नगरक्षेत्रका पडरिया, कालीपुर, भरतपुर, लक्ष्मीनियाँ, फूलकाहा, बेलगाछी, कुस्माढी, रजखोर र रामनगर बगैंचा खेतीका पकेट क्षेत्र मानिन्छन्। यस वर्ष जिल्लामा करिब छ हजार छ सय हेक्टर क्षेत्रफलमा आँप खेती गरिएको छ।

औरही नगरपालिका-२ का किसान रामदरेश यादवका अनुसार सुरुदेखि नै राम्रो फूल लागेकाले गत वर्षको तुलनामा यस वर्ष उत्पादन दोब्बर हुने अपेक्षा गरिएको छ।

मधेश प्रदेशका महोत्तरी, धनुषा, सप्तरी, सिराहा, सर्लाही, रौतहट, बारा र पर्सा गरी आठ वटै जिल्लामा व्यावसायिक रूपमा आँप खेती गरिन्छ। यहाँको उष्ण प्रदेशीय माटोमा मालदह, दसहरी, आम्रपाली, बम्बई, कलकतियालगायतका आँप उत्पादन हुन्छन्, जुन स्वादिष्ट, रसिलो र पोसिलो मानिन्छ। एक तथ्याङ्क अनुसार देशभर ४२ हजार ७७३ हेक्टर क्षेत्रफलमध्ये मधेश प्रदेशमा मात्र २९ हजार ९९ हेक्टरमा आँप खेती हुँदै आएको छ। कुल उत्पादनको ७७.१ प्रतिशत आँप मधेशमै उत्पादन हुने गरेको छ।

मधेशमा उत्पादन हुने आँपको माग काठमाडौँ, पोखरालगायतका ठुला सहरमा अत्यधिक रहने भएकाले फूल लागेसँगै व्यवसायीले बगैंचा नै ठेक्कामा लिने प्रचलन छ। हेरचाह तथा बजारसम्म ढुवानीको झन्झट कम गर्न किसानले पनि फूल लाग्नासाथ बगैँचा व्यापारीलाई ठेक्कामा दिने गरेका छन्।

# टी-२० विश्वकपः भारत सेमिफाइनलमा




आईसीसी टी-२० विश्वकपको 'सुपर एट'मा वेस्ट इन्डिजलाई हराउँदै भारत सेमिफाइनलमा पुगेको छ। हिजो बेलुकी भएको 'सुपर एट'को खेलमा वेस्ट इन्डिजलाई ५ विकेटले हराउँदै भारत सेमिफाइनलमा पुगेको हो।

वेस्ट इन्डिजले दिएको १ सय ९६ रनको लक्ष्य पछ्याएको भारतले १९ ओभर २ बलमा ५ विकेट गुमाएर भेटायो। भारतका सञ्जु स्यामसनले अविजित ९७ रन बनाए। त्यसअघि भारतको कोलकातामा टस हारेर ब्याटिङ गरेको वेस्ड इन्डिजले ५ विकेट गुमाएर १ सय ९५ रन बनायो।

वेस्ट इन्डिजका रोस्टन चेसले सबैभन्दा धेरै ४० रन बनाए। हिजै भएको 'सुपर एट'को खेलमा दक्षिण अफ्रिकाले जिम्बाबेलाई ५ विकेटले हरायो। योसँगै टी-२० विश्वकपको सेमिफाइनल समिकरण पूरा भएको छ।

समूह १ बाट दक्षिण अफ्रिका र भारत तथा समूह २ बाट इङ्गलायन्ड र न्युजिल्यान्ड सेमिफाइनलमा पुगेका छन्। यही बुधवार हुने पहिलो समिफाइनलमा दक्षिण अफ्रिका र न्युजिल्यान्ड तथा बिहिवार हुने दोश्रो सेमिफाइनलमा भारत र इङ्ग्यान्ड खेल्नेछन्। १०औं संस्करणको प्रतियोगिताको फाइनल खेल आउँदो आइतवार फागुन २४ गते हुनेछ।-एजेन्सी






खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर, धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,